परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

❑ वर्ष ९ ❑ अंक १९ २०७७ मंसिर २१ गते आईतवार Sunday 6, DEC, 2020 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## हतियारको कारोवार गर्ने एकजना पक्राउ

विराटनगर । मोरङको सुनवर्षी नगरपालिका वडा नं. ५ बाट प्रहरीले हतियारको कारोबार गर्ने एक व्यक्तिलाई पेस्तोलसहित पक्राउ गरेको छ । स्थानीय ४१ वर्षीयराजकुमार मण्डललाई प्रहरीले पेस्तोलसहित नियन्त्रणमा लिएको हो ।

सुनवर्षीको झुँगी चोकबाट उनलाई पक्राउ गरिएको मोरङ प्रहरीका प्रवक्ता डीएसपी मानबहादुरराईले बताएको थियो । पक्राउ परेका मण्डलको साथबाट प्रहरीले एउटा कटुवा पेस्तोल, दुईवटा गोली, १९ हजार तीन सय २५ रुपैयाँ नगदर मोबाइल बरामद गरेको छ । भारतको भागलपुरबाट उनले बिक्रीका लागि पेस्तोल ल्याएको खुलेको मोरङ प्रहरी प्रमुख एसपी सन्तोष खड्काले जानकारी गराएका थिए ।

'भागलपुरतिरबाट लुकाईछिपाई हतियार नेपाल ल्याउने गरेको पाइएको छ । 'नेपाल भित्राएपछि विभिन्न अपराधमा संलग्न व्यक्तिर समूहलाई बिक्री गर्ने गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ ।' तर नेपालमा उनीबाट हतियार किन्नेको भने अझैसम्म पहिचान हुन बाँकीरहेको प्रहरीले जनाएको छ ।



एउटा मदिरा पसलमा मदिरा सेवनका लागि बसेका बेला मण्डलले कम्मरमा भिरेको अवस्थामा पेस्तोल देखिएको खड्काको भनाइ छ । कम्मरमा हतियार देखेर स्थानीय बासिन्दाले प्रहरीलाई खवर गरेपछि पक्राउ गरिएको थियो ।

मण्डलविरुद्ध हातहतियार खरखजना ऐन अन्तर्गतको मुद्दा चलाउन अनुसन्धान थालिने प्रहरीले जनाएको छ ।

## लागुऔषध ब्राउन सुगर सहित पाँच जना यूवा पक्राउ

बिराटनगर । मोरङ, सुनसरी र झापाका तिन स्थानबाट लागुऔषध सहित पाँच जना पक्राउ परेका छन् ।

ईलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरी टोलीले धरान उपमहानगर पालिका वडा नं. १० बाट स्थानीय ४८ बर्षीय पुर्ण बहादुर लिम्बु र वडा नं. ११ का ५० बर्षीय साखुरा लिम्बुलाई लागुऔषध सहित पक्राउ गरेको थियो ।

उनीहरुको कोठामा नै लागुऔषध संचित गरी राखेको भन्ने सूचनाका आधारमा खटिएको प्रहरी टोलीले कोठाबाट डाईलेक्स डिसि सय एमएलको ३६ बोतल, स्पास्मोप्रोक्सिवन प्लस ७२ क्याप्सुल, नाईट्रोसम ६ ट्याब्लेट, नगद २९ हजार ५ सय समेत बरामद गरेको छ ।

त्यसैगरी मोरङको कटहरी गाउँपालिका वडा नं. १ बाट सोही गाउँपालिका वडा नं.३ का २० बर्षीय अनुकेत माझी लागुऔषध सहित पक्राउ परेको छ ।

उनको साथबाट प्रहरीले नाईट्राभेट ५ सय ट्याब्लेट र डाईलक्स डि.सी. ७ बोतल बरामद गरेको छ । उता झापामा लागुऔषध ब्राउनसुगर सहित २ जना पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा बिर्तामोड नगरपालिका वडा नं. ५ बाट ९.५ ग्राम लागुऔषध ब्राउनसुगर सहित अर्जुनधारा नगरपालिका वडा नं. ६ का २५ बर्षीय आशिष थापा र अर्जुनधारा नगरपालिका वडा नं. ९ बाट ३९ ग्राम लागुऔषध

वांकी अन्तिम पेजमा...

## शाखाको सधारण सभा स्थगीत

बिराटनगर । नेपाल पत्रकार महासङ्घ मोरङ शाखाको साधारणसभा स्थगित भएको छ । मंसिर १९ को लागि तय भएको १३ औं साधारण सभा अनिश्चितकालका लागि स्थगित भएको हो ।

भदौ ४ मा बसेको महासङ्घको १६ को बैठकले आजका साधारण सभाको मिति तय गरेको थियो । तर कोरोना महामारीका कारण साधारण सभा स्थगित भएको नेपाल पत्रकार महासङ्घ मोरङका सचिव अर्जुनकुमार आचार्यले जानकारी दिएका थिए ।

कोरोना संक्रमणका कारण महासंघका सदस्यहरू आइसोलेशनमा रहेको र महासंघ प्रदेशको सुझावका आधारमा अर्को सूचना जारी नभएसम्मका लागि साधारण सभा स्थगित गरेको छ ।

## मानव अधिकार रक्षाको अभियानमा नेपाल कमजोर

विराटनगर । मानव अधिकार रक्षाको अभियानमा नेपाल कमजोर हुँदै गएको अधिकारकर्मीहरूले बताएका छन् ।

सरकारले मानव अधिकारका विषयलाई प्राथमिकतामा नराख्दा नेपाल कमजोर बनेको उनीहरुको भनाई छ । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) प्रदेश १, कार्यालय विराटनगरले आयोजना गरेको मानव अधिकारसम्बन्धी (पाँचौं) राष्ट्रिय कार्ययोजना परामर्श तथा अन्तरक्रिया कार्यक्रममा अधिकारकर्मीहरूले सरकारले मानव अधिकारका मुद्दालाई प्राथमिकतामा नराख्दा नेपालमा मानव अधिकारको अवस्था कमजोर हुँदै गएको धारणा राखेका हुन् ।

प्रदेश १ नीति तथा योजना आयोगका उपाध्यक्ष सुबोधराज प्याकुरेलले सरकारले मानव अधिकारका विषयलाई प्राथमिकतामा नराखेका कारण नेपालको मानव अधिकारको अवस्था कमजोर भएको बताएका थिए । उहाँले स्थायी राज्य अर्थात् सरकारी कर्मचारीहरूले मानव अधिकारको विषयलाई समय सापेक्ष रूपमा रूपान्तरण नगर्दा मानव अधिकारको अवस्था कमजोर हुँदै गएको धारणा व्यक्त गरेका थिए ।

प्रदेश १ का मुख्य न्यायाधिवक्ता चुडामणि आचार्यले राजनीति नेतृत्वले आफूलाई आवश्यक परेको बेला मानव अधिकारका मुद्दालाई अघि बढाउने तर कार्यान्वयन गर्नुपर्ने अवस्थाका राजनीतिक नेतृत्व नै अनिच्छुक देखिने गरेको बताएका

वांकी अन्तिम पेजमा...

## प्रदेश १ मा ९२ कोरोना संक्रमित थपिए, १ सय ६८ डिस्चार्ज

विराटनगर । प्रदेश १ मा ९२ कोरोना संक्रमित थपिएका छन् भने १ सय ६८ जना डिस्चार्ज भएका छन् ।

होमआईसोलेसनबाट १ सय ६३, वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट ३ र विराट मेडिकल कलेजबाट २ जना डिस्चार्ज भएका हुन् ।

हालसम्म डिस्चार्ज हुनेको संख्या २२ हजार ८ सय ९९ पुगेको छ । प्रदेश १ मा शनिवार ९२ जना कोरोना संक्रमित थपिएका छन् । झापामा ४४, सुनसरीमा २८, मोरङमा ८, इलाममा ५, सोलुखुम्वुमा ४, ताप्लेजुङमा १ र प्रदेश १ बाहिरका २ जना रहेको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

झापाको कनकाईमा ११, विर्तामोडमा ९, शिवसताक्षी र कमल गाउँपालिकामा ७-७, अर्जुनधारामा ४, भद्रपुरमा ३, मेचीनगरमा २,

वांकी अन्तिम पेजमा...

## क्वारेन्टिन कार्यालय मोरंगको सूचना

*विरुवा तथा विरुवा जन्यउपजहरूको निकासी पैठारी र ओसार पसार गर्दा सत्रु जीवको प्रवेश हुन सक्ने भएकोले विरुवा संरक्षण ऐन २०६४ तथा विरुवा संरक्षण नियमावली २०६६ अनुसार त्यस्ता विरुवाहरू तथा विरुवा जन्य उपजहरूको अनिवार्य क्वरेन्टिन जाँच गराई ओसार पसार गर्नुहुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।*

क्वारेन्टिन कार्यालय मोरंग

SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277
Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

क्राईम अपरेशन
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
पू.क्षे.हु.नि.मोरंग द.नं. ०१/०७३/७४

## लैंगिक...

वेश्यावृत्तिमा लगाइने, बेचबिखन तथा ओसार(पसार गरिने, जबरजस्ती यौनशोषण गरिने जस्ता सम्पूर्ण व्यवहारहरु पर्छन् ।

राष्ट्रको सभ्यता र विकासको मापकका रुपमा उक्त देशमा महिला स्वतन्त्रताको अवस्था कस्तो छ, शिक्षा, स्वास्थ्य र घरेलु हिंसा कुन रुपमा छ भन्ने कुरालाई हेरिन्छ । हाम्रो देशमा महिलामाथिको घरेलु हिंसा न्युनीकरणको विषयले ०६२ र०६३ को जनआन्दोलन र गणतन्त्र स्थापनापछि मात्र प्राथमिकता पाएको हो । तर, पनि महिलाप्रतिको परम्परागत दृष्टिकोण, शोषण, दमन र कुटपिटका घटनामा कमी आउन सकेको छैन ।

सामन्ती पुरुषवादी मानसिकता, धर्म, परम्परा र संस्कारको नाममा टिकेको अन्यायपूर्ण व्यवस्था तथा आमूल परिवर्तन हुन नसकेको सामाजिक संरचनाका कारण आज पनि घरेलु हिंसा जारी छ । महिलामाथिको हिंसा परम्परागतरुपमा परिभाषित गरिएको भन्दा अझ पृथक ढंगले पनि देखा पर्न थालेको छ । सामाजिक विकाशको यो पछिल्लो अवधिमा देखिएका जटिल समस्याहरुलाई वर्तमान कानुनी व्यवस्थाले समेट्न सकेको छैन । छरिएर रहेका कानूनी व्यवस्था, दोहोरो अर्थलाग्ने नजिरहरु तथा असचेत सामाजिक अवस्थाले लैङ्गकि विभेदलाई टिकाइरहेको छ ।

महिलामाथि हुने हिंसाको अन्त्यका लागि कानुनी व्यबस्था तथा कानुनी समानता मात्र प्रयाप्त हुँदैन, यसको प्रभावकारी कार्यान्वयनसँगै सामाजिक रुपान्तरण हुनु पनि उत्तिकै आवश्यक छ । महिला र पुरुष एक सिक्काका दुई पाटा हुन एकको अभावमा अर्कोको कल्पनासम्म गर्न सकिँदैन ।

जसरी पार्वतीविना शिवको, लक्ष्मीविना विष्णुको, राधाविना कृष्णको, सीताविना रामको, मुनाविना मदनको कथा रोचक हुँदैन, त्यसैगरी महिलाको प्रेम र आत्मीयताविना पुरुष र पुरुषको साथ र सम्मानविना महिला पूर्ण हुँदैनन् । तसर्थ महिलाहरुमा देखिएका हिंसाका प्रकृति, प्रभाव, न्यूनीकरणका उपाय र कानुनी व्यवस्थामा सुधार गरी एकले अर्काको अस्थित्वको स्वीकार र सम्मान गर्दै सभ्य र शिक्षित समाज निर्माण गर्न हरेक व्यक्ति, समाज र सबैको ऐक्यवद्धता आजको आवश्यकता हो ।

महिला सशक्तीकरणका लागि हिंसाको अन्त्य होस् । लैङ्गकि हिंसाविरुद्धको १६ दिने अभियान सफल होस् ।

## मानव..

थिए । उहाँले २०४६ सालमा भएको आन्दोलनमा मानव अधिकारका विषय प्यापक रूपमा उठेर र पछि ति मुद्दा उठाउने राजनीतिक नेतृत्व कार्यान्वयन गर्ने ठाँउमा पुगेपछि मानव अधिकारका मुद्दालाई बिर्सिएको विचार व्यक्त गरेका थिए ।

राष्ट्रिय मानव अधिकार आयोग प्रदेश १ निमित्त कार्यालय प्रमुख गीता दहालले संविधान अङ्गका रूपमा मानव अधिकारको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनका लागि राष्ट्रिय मानव अधिकार आयोगको स्थापना भएपनि नेपालमा आयोग स्थापनाका लागि नागरिक समाजले महत्वपूर्ण भूमिका खेलेका मात्र आयोग स्थापना सम्भव भएको बताएका थिए ।

इन्सेक प्रदेश १ संयोजक सोमराज थापाले नेपालमा मानव अधिकार रक्षाका लागि नागरिक समाजको भूमिका महत्वपूर्ण भएको बताउँदै संविधानले प्रदान गरेका मौलिक हकलाई कार्यान्वयन गर्नका लागि राज्यलाई जवाफदेही बनाउन आवश्यक रहेको जानकारी गराएका थिए ।

## प्रदेश १..

बुद्धशान्तिमा १, सुनसरीको धरानमा १५, इटहरीमा १०, इनरुवामा २, स्थानीय तह नखुलेका १, मोरंगको सुनबर्षीमा ३, विराटनगरमा २, पथरीशनिश्चरे, रतुवामाई र उर्लाबारीमा १-१ जनामा संक्रमण देखिएको मन्त्रालयले जनाएको छ ।

उता इलामको इलाम नगरपालिकामा ५, सोलुखुम्वुको सोलुदुधकुण्डमा ३, थुलुङ दुधकोशीमा १, ताप्लेजुङको फुङलिङमा १ र प्रदेश १ बाहिरका २ जनाको रिपोर्ट पोजेटिभ आएको सामाजिक विकास मन्त्रालयले जनाएको छ । प्रदेश १ मा कोरोना संक्रमितको संख्या २८ हजार ४७ पुगेको छ । प्रदेश १ मा आज ४ सय ९२ जनाको पीसीआर परीक्षण गरिएको छ ।

परीक्षण गरिएका मध्ये ३२ महिला र ६० पुरुषको रिपोर्ट पोजेटिभ आएको हो । हालसम्म १ लाख ९५ हजार ३ सय ३१ जनाको परीक्षण गरिएको मन्त्रालयले जनाएको छ ।

## ब्राउन..

ब्राउनसुगर सहित बुद्धशान्ति गाउँपालिका वडा नं. २ का २२ बर्षीय प्रिन्स खनाल पक्राउ परेकाछन ।

लागुऔषध सहित पक्राउ परेका पाँचै जनाको समबन्धमा थप अनुसन्धान भईरहेको प्रदेश १ प्रहरी कार्यालय विराटनगरले जनाएको छ ।

## अबैद्ध घरेलु मदिरा बरामद

विराटनगर । जिल्ला मोरङ रंगेली नगरपालिका वडा नं. ९ बेल चोक स्थितमा उत्तरबाट दक्षिणतर्फ अबैध रूपमा साईकलमा लुकाई छिपाई ल्याउदै गरेको अन्दाजी ४० लिटर अन्दाजी ३० हजार बराबरको घरेलु मदिरा बरामद गरेको छ ।

ईलाका प्रहरी कार्यालय दोहमनाबाट खटिएको प्रहरी टोलीलाई देख्ना साथ उक्त मदिरा सोही ठाउँमा छाडी मानिस साईकल लिई फरार भएको निजहरूको खोजी कार्य जारी रहेको । उक्त मदिरा बरामद गरी ईप्रका दोहमनामा ल्याई आवश्य कारवाहीको लागि आन्तरिक राजश्व कार्यालय विराटनगरमा बुझाएको छ ।

# ईंटा उद्योगले पालन गर्नुपर्ने नियमको विषयमा अन्तरक्रिया

विराटनगर । मोरङको रंगेलीमा एकीकृत हातेमालो समाज नेपालको आयोजनामा बेटर ब्रिक नेपाल परियोजना तथा स्वास्थ्य मापदण्डको विषयमा नगरस्तरीय अन्तरक्रिया सम्पन्न भएको छ ।

ग्लोबल फेयरनेस इनिसिएटिभ को सहयोग र रंगेली नगरपालिका को समन्वयमा अन्तरक्रिया सम्पन्न भएको हो ।

रंगेली नगरपालिकाकी उपप्रमुख केशवकुमारी खरालको अध्यक्ष्यता सम्पन्न्न अन्तरक्रियामा बेटर ब्रिक नेपाल परियोजनाले गत सिजनमा सम्पन्न क्रियाकलापका बारेमा परियोजनाका फिल्ड कोर्डिनेटर सुनिता ताम्राकारले सरोकारवालाहरूलाई जानकारी दिनुभयो । परियोजनाले इँटा उद्योगले पालना गर्नुपर्ने कानुनका लागि विभिन्न क्रियाकलापमार्फत धनपालाथान गाउँपालिका वडा नं. ६ र रंगली नगरपालिका वडा नं. ३ स्थित आनन्द ईंटा उद्योगलाई सहयोग गरिरहेको छ ।

अन्तरक्रियामा ताम्राकारले बालश्रम, बाध्यकारी श्रम नपरेको स्वच्छ र सफासहित मानवीय संवेदनाले भरिएको इँट्टा उत्पादनमा परियोजनाले काम गरिरहेको जानकारी दिनुभयो । कोरोना संक्रमणको त्रासको समयमा स्वास्थ्य सावधानी अपनाएर उद्योग सञ्चालनका लागि जारी गरिएको स्वास्थ्य मापदण्डको बारेमा पनि छलफल भएको थियो ।

छलफलमा, उद्योगका कामदार र उनीहरूका बालबालिकाको स्वास्थ्य र शिक्षाको व्यवस्थाका बारेमा चासो प्रकट गरिएको थियो । कार्यक्रममा रंगेली-६ का वडाध्यक्ष्य रुपेश मण्डलले परियोजना अन्य उद्योगमा पनि लागू गर्नुपर्नेमा जोड दिनुभयो । रंगेली नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत टोमप्रसाद सुवेदीले नगरपालिकाको कार्यक्षेत्र भएको बताउँदै अन्य उद्योगमा पनि कानुनको पालनाका लागि परियोजनाले सहयोग गर्नुपर्ने बताउनुभयो ।

# प्लाज्मा बैक विराटनगर एप्स संचालन

विराटनगर । प्लाज्मा आदानप्रदानका लागि विराटनगर महानगरपालिकाले प्लाज्मा बैंक विराटनगर भन्ने एप्स सञ्चालनमा ल्याएको छ ।

महानगरपालिकाका प्रमुख भीम पराजुलीले आफ्नो व्यक्तिगत विवरणसहित फोटो हालेर एप्सको शुभारम्भ गरेका थिए । कोरोना संक्रमण भएर निको भएको दिनदेखि ३० दिनभित्र प्लाज्मा आदानप्रदान गर्न सकिने भएकाले दिने व्यक्तिले एप्समा आफ्नो नाम, फोन नम्बर र रगत समूह उल्लेख गर्नुपर्ने हुन्छ ।

संक्रमित भएर निको भएका व्यक्तिले रगत नदिएको हकमा मात्र यो लागू हुने र २२ दिनसम्म रगत नदिएको अवस्थामा महानगरपालिकाले बोलाएर रगत दिन इच्छुक व्यक्तिको रगत संकलन गरेर राखेमा २ महिनासम्म काम लाग्ने छ । प्लाज्मा दिने ब्यक्तिले रगत दिएको खण्डमा एप्समार्फत रगत दिएको जानकारी गराउनुपर्ने महानगरपालिकाले जनाएको छ ।

गुगल प्लेस्टोरमा गएर प्लाज्मा बैंक विराटनगर डाउनलोड गर्ने प्रमुख पराजुलीले आग्रह गर्दै कोरोना संक्रमित र अरु रोगका बिरामीहरुका लागि छिट्टै रक्तदान कार्यक्रम संचालन गर्ने जानकारी गराएका थिए ।



अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौ वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार दोस्रो वर्षमा प्रवेश गर्नुका साथै हाल ढाड तथा नशा रोग, **painless** प्रसुती सेवा, **Emergency** सेवा नया एंव अध्याधिक भरपर्दो **(ICU/MICU,NICU)** तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँदछौ ।

हाम्रो सेवाहरु :-

★ स्त्री रोग तथा प्रसुती सम्बन्धी सम्पूर्ण सेवाहरु
★ रोग सम्वन्धी (PICU,NICU With Ventilator) सेवा
★ जनरल फिजिसियन सेवा
★ जनरल सर्जरी तथा हाडजोडर्नी नशा रोग सम्वन्धी सम्पूर्ण सेवा
★ Minor & Major surgery सेवा
★ Laparoscopic surgery (दुरवीन द्धारा अप्रेशन) सेवा
★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
★ 24 Hours Emergency सेवा
★ विशेष डाक्टरहरु द्धारा ओ.पि.डी. सेवा
★ २४ घण्टा ल्याब सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
★ इनफर्टिलिटी क्लिनिक सेवा
★ **X–Ray, ECG,ECHO,USG,HSG,Cystoscopy**

सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क न. ०२१- ५३६९४१

लैगिक हिंसा अन्त्य:
समृद्ध नेपालको गन्तव्य

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधी मन्त्रालय
सूचना तथा प्रसारण विभाग




परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक:श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

### कोरोनालाई कमजोर नठान

कोरोना भाईरस (कोभिड-१९) करीब-करीब विश्वको सवै देशहरुमा फैलिसको अवस्थ छ। नेपालमा पनि कोरोनाको कहर जारी नै छ। प्रय देशहरु कोरोनाको भ्याक्सीन पनि बनाउन लागि परेका छन् तर कुनै सफलता हात लागेको छैन। कोरोनालाई जसरी हामी सहज रुपमा लिएको छौ त्यती सहज भने कोरोना छैन। कोरोना भाईरक कहांवाट, कसरी, कुन विधीवाट कसको शरीरमा कतिवेला प्रवेश गर्दछ त्यो हामी कसैलाई पनि थाहा हुँदैन। नेपाल जस्तो गरीब विकास सन्मुख देशमा कोरोना भाईरस प्रति देखिएको वेवास्ताले कोरोना भाईरस शहर र गाउँ-गाउँमा फैलिन सक्छ। त्यती वेला कोरोनावाट संक्रमितहरुलाई उपचार दिन असमर्थ हुने छ। गाउँनै गाउँ कोरोनाको संक्रमणको चपेटामा परेर समाज नै सखाप नहोला भन्न सकिन्न त्यसैले कोरोनाको संक्रमणवाट नेपाल सरकार वेलामै संचेत हुन जरुरी छ।

कोरोना भाईरस एक प्रकारको सर्ने भाईरस हो नाकवाट निष्कने सिगानवाट, फोहरहातवाट राम्रो संग नपाकेको माछा, मासु र तरकारीवाट र भाईरसवाट संक्रमित व्यक्तिहरुको संम्पर्कवाट सर्दछ। यसवाट बच्नका लागि समाजिक दुरी कायम र माक्सको प्रयोग अनिवाय रहेको छ। त्यसैगरी कोरोना भाईरस कोभिड-१९ का लक्षण भनेको नाकवाट सिंगान वगिरहनु, घाँटी सुक्नु तथा दुख्नु, पखाला लाग्नु, वान्ता आउनु, लगातार टाउँको दुख्नु, लगातार ज्वरो आउनु र सास फेर्न अप्ठ्यारो हुनु लगायतका लक्षणहरु देखिन थाल्दछन्। यसवाट बच्नको लागि साबुन पानीले राम्रोसंग हात धुने, खानेकुरा पखाली, राम्रोसंग पकाउने, मास्कको प्रयोग अनिवार्य गर्ने, भिडभाडमा नजाने, सकभर होटल, रेष्टुरेण्टको खाना नखाने र चरा, मूसा, विरालो, कुकुर जस्ता जनावराट टाढा रहने यी नियमहरु यदि आम नेपाली जनताले प्रयोग गरेमा कोरोना संक्रमणवाट सजिलै बाच्न सकिन्छ।

नेपाल सरकारले जारी गरेको सूचनाको पालन स्वयम अहिले नेपाल सरकारका संघिय, प्रदेश र स्थानीय तहका नेताहरुले पालन गरेका छैनन्। वजारमा त्यती कै खुलेआम नेपाली जनताहरु हिलडुल, किनमेल र कामकाजका लागि वजार निष्केका छन् तर सरकारले कुनै रोक टोक गरेको छैन। त्यसमा पनि कोरोना भईरसलाई महामारी घोषणा गरी सकेपछि त्यसको पुरै जिम्मेवारी सरकारले लिनु पर्ने हुन्छ र सम्पर्ण उपचार खर्च सरकारले व्यहोर्नु पर्छ तर नेपालमा भएको निजी अस्पतालहरु लुटतन्त्र मचाएका छन् तर सरकारले नत कुनै अनुगमन गरेको छन् नत कारवाही अगाडी वढाएको छ। सरकारले कोरोना संक्रमतिको जुन किसिमको वेवास्ता गरेको छ। त्यसैले संक्रमितहरु पनि बजारमा किनमेलको लागि विना रोकटोक घुमि रहेको छ। यसले समाजमा भैवाह अवस्था सृजना हुन सक्छ। त्यसैले नेपाल सरकार कोरोना संक्रमितको तथ्यांक मात्र संकलन नगरी कोरोना संक्रमितको उचित उपचारको व्यवस्था मिलाउन आवश्यक छ। अन्यथा नेपाल कोरोनाको हम नबन्नला भन्न सकिन्न।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान सम्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सु,से,सो,द) :**सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

# लैगिक हिंसाविरुद्ध १६ दिने अभियान : महामारीमा हिंसाका परिदृष्य

**सीमा वन**

'लैङ्गकि हिंसा अन्त्यको प्रतिवद्धता : व्यक्ति, समाज र सबैको ऐक्यवद्धता' भन्ने राष्ट्रिय नारा र इचबलनभ तजभ धयचमि: गलम, च्भकउयलम, एचभखभलत, ऋर्यभिअत भन्ने अन्तर्राष्ट्रिय नाराका साथ लैङ्गकि हिंसाविरुद्धको १६ दिने अभियान बुधबारबाट सुरु भएको छ।

हरेक बर्षको नोभेम्बर २५ देखि डिसेम्बर १० तारिखसम्म लैङ्गकि हिंसाविरुद्धको १६ दिने अभियान मनाउने गरिन्छ। महिला विरुद्धको हिंसा लैङ्गकि असमानताको उपज हो। चेतना शिक्षाको विकास र विस्तारका लागि सन् १९६० नोभेम्वर २६ मा डोमोनिकन गणतन्त्रमा तत्कालीन त्रुजिलो सरकारले महिलामाथि हुने हिंसाको अन्त्यका लागि क्रियाशील मिरावल परिवारका ३ जना दिदीबहिनीहरुलाई उखुबारीमा लगेर पिटेर हत्या गरेको थियो। उनै दिदीबहिनीहरुको सम्मान र सम्झनामा १६ दिने अभियान शुरु भएको पाइन्छ।

सन् १९९९ मा संयुक्त राष्ट्र संघले नोभेम्वर २५ लाई महिला हिंसा विरुद्धको दिवसका रुपमा मनाउने निर्णय गरेपछि नोभेम्वर २५ देखि मानव अधिकार दिवस (डिसेम्वर १०) सम्मको १६ दिनलाई लैङ्गकिहिंसा विरुद्धको अभियानकारुपमा मनाउन थालिएको हो। नेपालमा २००४ देखि यो १६ दिने अभियान मनाउन थालिएको हो।

हरेक वर्ष यस्ता अभियान सञ्चालन गरे पनि अभियान नारामा सीमित भएको देखिन्छ। एक अध्ययन अनुसार संसारभरिका प्रत्येक ३ मध्ये एक महिलाले आफ्नो जीवनकालमा कुनै न कुनै प्रकारको हिंसा भोगेको देखिन्छ। त्यस्तै संसारभरिका ३५ प्रतिशत महिलाहरु आफ्नो जीवनकालमा कुनै न कुनै प्रकारको शारीरिक या यौनजन्य हिंसाको शिकार भएका हुन्छन्।

विश्व कोरोना भाइरस (कोभिड( १९)बाट आक्रान्त भएको अवस्थामा यो वर्षको अभियान मनाइँदैछ। महामारीबाट बच्न र बचाउन बन्दाबन्दी एवं सामाजिक दुरीलगायतका अभ्यासलाई विश्वका विभिन्न राष्ट्रले कार्यान्वयन गरिरहँदा महिलाहरु घरभित्रै सीमित भएका छन्। घर घरेलु हिंसा हुने प्रमुख थलो भएकाले घरको चौघेरामा सीमित महिलाहरु यस महामारीको समयमा अझ बढी पीडकसँगको सामिप्यमा बस्नुपर्ने हुँदा सामान्य अवस्थामा भन्दा हिंसाका घटना अझ बढिरहेका छन्।

विश्व स्वास्थ्य संगठनको तथ्यांकअनुसार कोभिड १९ को महामारीसँगै चीन, बेलायत र अमेरिकामा महिलाविरुद्ध हिंसाका घटना निरन्तर वृद्धि भएका छन्। संयुक्त राष्ट्रसंघको महिलासम्बन्धी कार्यक्रम (युएन वमन) को एउटा प्रतिवेदन अनुसार लकडाउनपछि महिला हिंसासम्बन्धी घटनामा ३० प्रतिशत वृद्धि भएको छ। सोही प्रतिवेदनले अमेरिका, क्यानडा, जर्मनी र स्पेन लगायतका मुलुकमा घरेलु हिंसाका घटनाबाट पीडित भई आपतकालीनरुपमा महिला आश्रममा फोन गर्नेहरुको संख्या ह्वात्तै बढेको देखाएको छ।

त्यस्तै नेपालमा महिला पुनर्स्थापना केन्द्र (ओरेक) का अनुसार बैशाखदेखि असोजसम्म ६ महिनाको अवधिमा जम्मा १६७३ वटा महिला तथा बालबालिका माथि भएको लैङ्गकि विभेदमा आधारित हिंसाका घटना अभिलेखीकरण भएको छ। जसमध्ये ९० प्रतिशत घटना प्रभावितको समुदाय र परिवारमै घटेको पाइएको छ। पछिल्लो ६ महिनामा ८२५ वटा घरेलु हिंसा, १६० वटा सामाजिक हिंसा, ३६७ वटा बलात्कारको घटना जसमा ४४ वटा सामुहिक बलात्कार, ५१ वटा बलात्कारको प्रयास ७१ वटा हत्या, ६१ वटा आत्महत्याको घटना, ७६ वटा यौन दुरव्यवहार का घटना १८ वटा मानव बेचबिखनका घटना, ३१ वटा अन्य अपराधसंग सम्बन्धित घटना भएका छन्।

हिंसा गर्ने व्यक्ति सबैभन्दा बढी ६४३ जना श्रीमान र ३६५ जना परिवारका सदस्य र ३७३ जना छिमेकी, ४८ वटा सेवा प्रदायक, १११ वटा अपरिचित व्यक्ति, ७९ वटा प्रेमी ३७ वटा साथी र १५ वटा शिक्षक रहेका छन्।

बलात्कारका घटनाहरुमा १६१ वटा छिमेकीबाट, ५३ जना परिवारको सदस्यबाट, २३ प्रेमी ठानिएका बाट, ४ जना शिक्षकबाट, ८ जना सेवा प्रदायक बाट र २५ जना पहिचान नखुलेको व्यक्तिबाट बलात्कृत भएको पाइएको छ।

अभिलेखन गरिएका घटनाहरु लाई उमेर समूहको आधारमा हेर्दा १६ बर्ष भन्दा कम उमेरका ३०४ जना बालिका तथा किशोरीहरु, १७ देखि २५ बर्ष उमेर समूहका ५२२ जना महिलाहरु हिंसाबाट पीडित भएको पाइएको छ। यसैगरी २६ देखि ३५ बर्ष उमेर समूहका ४६९ जना, ३६ देखि ४५ बर्ष उमेर समूहका १११ जना ४६ देखि ५५ बर्ष उमेर समूहका ९१ जना ५६ बर्षभन्दा माथिका उमेर समूहका ४८ जना महिलाहरु हिंसाबाट प्रभावित भएका छन्। उमेर समूह थाहा नभएका ७८ जना महिला छन्।

हरेक राज्यले देशको संविधान, विभिन्न ऐन कानुन र नियममार्फत समाजमा हुन सक्ने अपराध नियन्त्रणको प्रयास गरेको हुन्छ। त्यस्ता कानुनहरुको प्रभावकारी कार्यान्वयनका लागि विभिन्न संवैधानिक आयोग, न्यायालय र सरकारी संयन्त्र निर्माण समेत गरिएको हुन्छ। राज्यको ध्यान मुख्यरुपले ठूलाठूला आंतक र अपराध नियन्त्रणमा केन्द्रित हुने गर्छ।

घरपरिवारभित्र वा घरपरिवार सँग गाँसिएर दैनिकरुपमा हुने थुप्रै हिंसाजन्य कार्य नियन्त्रणलाई भने कम महत्व दिने गरेको देखिन्छ। संयुक्त राष्ट्र संघद्वारा महिलामाथि हुने वा गरिने हिंसा अन्त्यका लागि विभिन्न मानव अधिकारसम्बन्धी दस्तावेजहरुमार्फत प्रतिवद्धता जाहेर गरिएको छ।

खासगरी संयुक्त राष्ट्रसंघको स्तरबाट महिलामाथि हुने सबैखाले हिंसा र भेदभावको अन्त्यसम्बन्धी महासन्धी तयार गरिएको छ। यसलाई विभिन्न राष्ट्रहरुबाट अनुमोदन गराई प्रतिबद्धता लिने काम पनि गरिएको छ। यो महासन्धीका साथै महिलामाथि हुने हिंसा अन्त्य गर्नेजस्ता घोषणापत्रहरु समेत तयार गरिएका छन्।

यस किसिमका अन्तराष्ट्रिय दस्ताबेजहरुमा अनुमोदन गरी महिलामाथि हुने हिंसाको अन्त्य गर्ने प्रतिवद्धता नेपाल सरकारले पनि जनाएको छ। फलस्वरुप राज्यद्वारा महिला हिंसा अन्त्य गर्ने विभिन्न कार्यक्रमहरु सञ्चालित गरिएको छ यद्यपी यस्ता कार्यक्रमहरु प्रभावकारी भने देखिएका छैनन्। जुन दुःखदपूर्ण स्थिति हो। महिलामाथि हिंसा भएकोमा स्वयं महिला नै दोषी भएको मानिन्छ। त्यसैले हिंसाविरुद्ध आवाज उठाउन र उजुर गर्नर् महिलाहरुले सकेका छैनन्। फलस्वरुप हिंसा गर्नेहरुलाई थप बल पुगिरहेको छ। हामीलाई हाम्रो दैनिक व्यवहारमा महिलामाथि हुने हिंसालाई साधारणरुपले हेर्ने, यसलाई आत्मसात गर्ने एक किसिमको बानीझै परिसकेको छ।

हिंसालाई सहनु पनि हिंसा गर्नेलाई प्रश्रय दिनु हो। महिला हिंसा भन्ने वित्तिकै हामी हिंस्रक पुरुषलाई देख्छौं। तर, महिलामाथिको घरेलु हिंसामा महिलाहरुको पनि भुमिका पनि उत्तिकै रहन्छ। बुहारी तह लगाउने सासू, भाउजू तह लाउने, नन्द र देउरानी तह लाउने जेठानीको भुमिका पनि समाजमा स्पष्ट छ। महिलाहरु स्वयं पनि महिला हिंसा विरुद्ध सजग रहन जरुरी छ।

नेपालको संविधान २०७२ मा प्रत्येक महिलालाई लैंङ्गकि विभेदविना समान वंशीय हक हुने कुरा उल्लेख गरिएको छ। संविधानको प्रस्तावनामा देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय एंव लैंगिक समस्याहरु समाधान गर्न राज्यको अग्रगामी पुर्नसंरचना गरिने उल्लेख गरिएको छ।

त्यसैगरी संविधानको धारा ३८( ३) मा कुनै पनि महिला विरुद्ध शारीरिक, मानसिक वा अन्य किसिमको हिंसाजन्य कार्य नगरिने र त्यस्तो कार्य कानुनद्वारा धार्मिक सामाजिक सांस्कृतिक, परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन भनिएको छ। त्यस्तो कार्य गरेमा दण्डनीय हुने व्यवस्था गरिएको छ।

महिला हिंसाभित्र महिलामाथि गरिने कुटपिट, बलात्कार यौन तथा शारीरिक शोषण, शाब्दिक तथा मानसिक दुर्व्यवहार आफ्नो सहयात्रीबाट गरिने हत्या, महिनावारी वा सुत्केरी अवस्थामा गरिने भेदभाव (धार्मिक र सांस्कृतिक), जबरजस्ती

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

**दमकल**

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

**एम्बुलेन्स सेवा**

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

**अस्पताल**

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

**प्रहरी**

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# अबैद्ध रूपमा ल्याउदै गरेको लत्ताकपडा पक्राउ

विराटनगर। भारतबाट नेपाल तर्फ ल्याउँदै गरेको लत्ताकपडा सहित पाँच जनालाई प्रहरीले पक्राउ गरेको छ।

मंसिर १८ गते जिल्ला मोरङ बिराटनगर महानगरपालिका वडा नं. १२ स्थित तालिम केन्द्रको बाटोमा सीआरभी पोष्ट जतुवा नहर बाट खटिएको प्रहरी टोलीले को २ ह ७४११ न. को अटोमा अबैध रुपमा भारत बाट नेपाल तर्फ ल्याउदै गरेको लेडिज स्विटर २४ पिस , कुर्ता १ सय १३ पिस लत्ताकपडा सहित पाँच जनालाई प्रहरीले पक्राउ गरेको हो।

पक्राउ पर्नेहरूमा जिल्ला मोरङ बिराटगर महानगरपालिका वडा नं. १५ बस्ने वर्ष २० को रोहित कु. साह, वडा नं. १६ बस्ने वर्ष १८ को राहुल कुमार यादक वर्ष १९ को चन्दन कुमार राय, वर्ष १७ को प्रमोद कुमार यादव, वर्ष १८ को



विशाल कुमार शर्मा रहेका छन्। तिनीहरुलाई नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागि मुल भन्सार कार्यालय रानी, विराटनगरमा बुझाएको प्रहरीले जनाएको छ।

# दुई फरार प्रतिवादी पक्राउ

विराटनगर। अदालतवाट सजाय र जरीवना भई फरार रहेका दुई फरक-फरक मुद्दाका दुई जना प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ।

सम्मानित जिल्ला अदालत मोरङको २०७४ असोज २६ गतेको फैसलाले सरकारी छाप दस्तखत किर्ते मुद्दामा रू ५० रूपैया जरिवान तथा १ बर्ष कैद सजाय तोकि हालसम्म फरार रहेका जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं.१४, हाल विराटनगर महानगरपालिका वडा नं. ९ कलेज रोड बस्ने बर्ष ५८ को राजेन्द्र प्रसाद सेडाईलाई प्रहरीले पक्राउ गरेको हो।

जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले २०७७ मंसिर १४ गते विराटनगर महानगरपालिका वडा नं. ९ कलेज रोड आफ्नै पसलबाट पक्राउ गरी आवश्यक कारवाहीको लागि सम्मानित जिल्ला अदालत मोरङमा बुझाएको छ।

त्यसैगरी सम्मानित जिल्ला अदालत मोरङको मिति २०७१ ऋषाढ १५ गतेको फैसलाले कुटपिट अंगभंग मुद्दामा २ बर्ष कैद तोकि हाल सम्म फरार रहेका जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. ७, हाल विराटनगर वडा नं. ६ रामपुर झरना चोक बस्ने बर्ष ३१ को अशोक कुमार साहलाई जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले २०७७ मंसिर १५ गते बिशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय मोरङबाट पक्राउ गरी आवश्यक कारवाहीको लागि सम्मानित जिल्ला अदालत मोरङमा बुझाएको जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएको छ।

# दुई देशवीचको सम्बन्धमा टर्निङ्ग प्वाइन्ट

रामसुकुल मण्डल

भारतको कूटनीतिमा सेनाको महत्वपूर्ण भूमिका रहँदै आएको छ। नेपालसँग सुरक्षा चासो जोडिने हुँदा सेनाको अझ बढी भूमिका हुनेगर्छ। विगतमा पनि सम्बन्ध खटपट हुँदा सेनाले सम्बन्धलाई सहज बनाउने काम गरेको छ। नेपाल र भारतका सेना प्रमुख एक-अर्का देशको मानार्थ महारथी हुने हुँदा सेनाले केही गर्दैन भन्ने चाहीँ होइन तर भारतीय सेनाध्यक्षको भ्रमणका बेला केही भए यो भ्रमण दुई देशबीचको सम्बन्धमा एउटा 'टर्निङ प्वाइन्ट' बन्न सक्छ।

नेपाल र भारतबीच एकअर्को देशका सेनाप्रमुखलाई मानार्थ प्रधानसेनापतिको दर्जाबाट सम्मान गर्ने परम्परा रहँदै आएकोमा भ्रमणका क्रममा उनले राष्ट्रपति विद्यादेवी भण्डारीले नेपाली सेनाको मानार्थ महारथीको दर्जा प्रदान गरिएको छ।

यसअघि प्रधानसेनापति थापाले २०७५ पुस २९ मा नयाँदिल्लीमा भारतका राष्ट्रपति रामनाथ कोविन्दबाट भारतीय स्थल सेनाको मानार्थ प्रधानसेनापतिको दर्जा ग्रहण गरेका थिए। यस्तो कार्यक्रम विगतमा सामान्य औपचारिकतामा सीमित रहने गरिए पनि केही महिनादेखि नेपाल-भारत सीमालाई लिएर कायम विवाद र नरवणे आफैंले दिएको नेपालसम्बन्धी विवादास्पद अभिव्यक्तिका कारण उनको भ्रमणलाई काठमाडौं र दिल्लीमा विशेष चासोका साथ हेरिएको छ। बितेको एक वर्षदेखि सीमा विवादका कारण दुई देशको राजनीतिक नेतृत्वबीच हार्दिक सम्बन्ध बन्न नसकिरहेको पृष्ठभूमिमा नरवणेको भ्रमणबाट नाकाबन्दी अन्त्य गर्न प्रयोग भएको सैन्य कूटनीति पुन: एकपटक प्रयोग हुने अपेक्षाले पनि यो भ्रमणलाई विशेष चासोका साथ हेरिएको छ।

नक्सा विवादका कारण केही महिनादेखि काठमाडौं र नयाँदिल्लीबीच राजनीतिक तहमा औपचारिक सम्बन्ध सुरु हुन नसकिरहेका बेला नरवणेको भ्रमणलाई अर्थपूर्ण मानिएको छ। यो भ्रमणले राजनीतिक तहको सम्बन्धलाई अगाडि बढाउन सहयोग मिल्ने अपेक्षा पनि गरिएको छ। विशेषगरी शुक्रबार हुने प्रधानमन्त्री ओलीसँगको भेटवार्तालाई दिल्ली र काठमाडौं दुवैले चासो दिएका छन्।

दिल्ली र काठमाडौंबीच कायम संवादहीनतालाई नरवणेको भ्रमणले सैन्य कूटनीतिमार्फत तोड्ने अपेक्षा गरिएकाले पनि बढी महत्त्व राखेको विश्लेषकहरूको बुझाइ छ।

यहि वर्ष वैशाखमा भारतले चीनको मानसरोवर जोड्ने पिथौरागढ-लिपुलेक सडकखण्डको सुरु गरेपछि दुई देशबीचको सम्बन्ध तिक्ततापूर्ण रहँदै आएको छ। भारतले उक्त सडक नेपाली भूमिमा निर्माण गरेको भन्दै नेपालले औपचारिक रूपमै विरोध जनाएको थियो।

यता नेपालले ऐतिहासिक प्रमाणलाई आधार बनाएर लिम्पियाधुरासम्मको भूमि समेटेर नयाँ राजनीतिक नक्सा सार्वजनिक गऱ्यो। नेपालले त्यही नक्साका आधारमा संविधानसमेत संशोधन गऱ्यो। त्यसबाट थप आक्रोशित बनेको भारतले सीमा विवाद छलफलका लागि नेपालले नै वातावरण बनाउनुपर्ने बताउँदै आएको छ। जसले गर्दा राजनीतिक तहमा औपचारिक संवाद हुन सकेको छैन। यहि सेरोफेरोमा भारतीय सेनाध्यक्षको भ्रमण भएको हो।

विश्लेषकहरुले यहि पृष्ठभूमिमा नरवणेको चारदिने भ्रमण मूलत: परम्पराको निरन्तरता भए पनि यसले दुई देशबीच राजनीतिक संवाद बढाउन सहज वातावरण निर्माणमा सघाउने अपेक्षा गरेका छन्।

यता, भारतीय सेनापति नरवणेले पनि आफ्नो भ्रमणले दुई देशबीचको सैन्य सम्बन्ध थप सुदृढ हुने बताएका छन्। भ्रमणको पूर्वसन्ध्यामा उनले एक भिडियो सन्देश जारी गर्दै भ्रमणबाट दुई देशका सेनाबीचको मित्रता र आपसी सम्बन्ध थप सुदृढ हुने उल्लेख गरेका छन्।

यसअघि काठमाडौंस्थित भारतीय दूतावासले पनि सेना प्रमुखको नेपाल भ्रमणले दुई देशका सेनाबीचको परम्परात सम्बन्धलाई थप सुदृढ बनाउने विश्वास व्यक्त गरेको छ। दूतावासका प्रवक्ता नवीन कुमारले भनेका छन्, 'जनरल नरवणेको प्रमुखले दुई देशका सेनाबीचको लामो र परम्परागत मित्रवत् सम्बन्धलाई थप सुदृढ बनाउनेछ।' भ्रमणले दुई पक्षीय रक्षा साझेदारीका विषयमा छलफल गर्न अवसर प्रदान गर्ने र आपसी हितका लागि त्यसलाई सुदृढ बनाउन नयाँ अवसरहरूको ढोका खोल्ने विश्वाससमेत उनको भनाइ छ।भारतीय सेनापतिको भ्रमणको विषयमा जति चासो नेपालमा छ त्यति नै भारतमा पनि रहेको पाइएको छ।

भारतीय सञ्चारमाध्यमहरूले पनि नरवणेको भ्रमणले सीमा विवाद छलफलका लागि विदेशस्तरीय बैठकका लागि अनुकूल वातावरण निर्माण गर्ने चर्चा गरेका छन्। द हिन्दुस्तान टाइम्सले लामो समयदेखि रोकिएको विदेश सचिवस्तरीय बैठक अघि बढाउन नरवणेले काठमाडौंमा रहँदा प्रधानमन्त्री ओलीसँग गर्ने भेट र भेटवार्ता अपेक्षा गरेजस्तो भए भारतले विदेश सचिवस्तरीय वार्ता र सीमासम्बन्धी प्राविधिक समितिको बैठकका लागि सहमति जनाउने लेखेको छ। यस्तै अर्को भारतीय दैनिक टाइम्स अफ इन्डियाले पनि सीमासम्बन्धी प्राविधिक समितिको बैठक नरवणेको भ्रमणको नतिजामा निर्भर रहने उल्लेख गरेको छ। मधेश दर्पण फिचर सेवा

# अबैद्ध लत्ताकपडा पक्राउ

विराटनगर। भारतवाट नेपाल तर्फ अबैद्ध रुपमा भन्सार छली ल्याएका लत्ता कपडा प्रहरीले बरामद गरी भन्सार कार्यालय रानीमा बुझाएको छ।

घटनाको विवरण अनुसार जिल्ला मोरङ विराटनगर महानगर पालिका वडा नं. १७ स्थित मटेरूवामा भारतको जोगवनीबाट नेपालतर्फ जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. १८ झटियाही बस्ने बर्ष ३१ को रन्जित मण्डलले ४१ ह्जार २ सय बराबरको लत्ताकपडा ल्याउदै गरेको अवस्थामा पक्राउ गरिएको थियो।

मण्डलको साथवाट कुर्ता सुरुवाल सेट १० पीस, बच्चको कुर्ता सुरुवाल १८ पीस, लेडिज सुरुवाल ३२ पीस, लेडिज कुर्ती ७६ पीस लत्ताकपडा बरामद भएको थियो।

जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले फेला पारी बरामद गरी निज मण्डललाई पक्राउ गरी आवश्यक कारवाहीको लागि मुल भन्सार कार्यालय रानी विराटनरमा बुझाएको प्रहरीले जनाएको छ।


## कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के-के हुन सक्छन्**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु।

**3. यसबाट बच्न के-के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने।

सुनबर्सी नगरपालिका मोरंग प्रदेश नं. १










# अबैद्ध काठ सहित पाँच जना प्रहरीको फन्दामा



विराटनगर। इलाका प्रहरी कार्यालय उर्लावारी वाट खटिएको प्रहरी टोलीले अबैद्ध काठ सहित पाँच जनालाई पक्राउ गरेको छ।

घटनाको विवरण अनुसार २०७७ मंसिर १६ गते जिल्ला मोरङ मिक्लाजुङ गाउँपालिका वडा नं. १ सुके स्थित छेडी सामुदायिक वनदेखी उत्तरबाट दक्षिणतर्फ को १ त ८५५९ नम्बरको ट्रयाक्टरमा बिभिन्न जातको चिरान काठ अवैध रुपमा लोड गरी ल्याईरहेको भन्ने सुचनाको आधारमा पक्राउ गरिएको थियो।

पक्राउहरूमा जिल्ला मोरङ मिक्लाजुङ गाउँपालिका वडा नं. १ सुगुरे बस्ने बर्ष ३६ को ईलाखराई (साहु,चालक), मान्द्रे बस्ने बर्ष १६ को तगिनराई, बर्ष १८ को दुम्सेराई, बर्ष १९ को सबिनराई, बर्ष १६ को बिशालराईलाई पक्राउ गरेको थियो।

प्रहरी टोलीले ट्यक्टरर ट्याक्टर मा लोड भएको चिरान काठर मानिसहरु समेतलाई नियन्त्रणमा लिई ईलाका प्रहरी कार्यालय उर्लाबारीमा ल्याई आवश्यक कारवाहीको लागि सव डिभिजन वन कार्यालय मधुमल्लामा बुझाएको छ।

# ठगी र चोरी मुद्धाको फरार प्रतिवादी पक्राउ

विराटनगर। जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले ठगी र चोरी मुद्दाका तिन जना फरार प्रतिबादीहरुलाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा ठगी मुद्दाका विराटनगर-६ का ५३ बर्षीय सकिल खान रहेका छन भने चोरीमुद्धा लागेका विराटनगर-१ का ३० बर्षीय लाले राय सहनी र सोही स्थानका ४८ बर्षीय दिपेश राय सहनी रहेका छन।

उनिहरु २०७३ साल असार २४ गते बाट फरार रहेका थिए। पक्राउ परेका उनिहरुलाई जिल्ला अदालत मोरङमा बुझाउने कार्य भईरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ।

त्यसैगरी सवारी ज्यान मुद्दा लागेका फरार प्रतिबादी १५ बर्ष पछि पक्राउ परेका छन। सवारी ज्यान मुद्दा लागेका मोरङको ग्रामथान-२ का ३३ बर्षीय वलराम सरदारलाइ जिल्ला प्रहरी कार्यालय सुनसरीबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको छ।

२०६२ साल मंसिर १९ गते सरदारले चलाएको कस्तुरी उच्च माध्यमीक विद्यालय इटहरीबाट संचालित ना २ ख ६० नम्बरको बस सुनसरी मधेशा-४ राजमार्गमा दुर्घटना हुँदा बसमा सवार रहेकी छात्रा १८ बर्षीया लक्ष्मी श्रेष्ठको मृत्यु भएको थियो। बस दुर्घटना पश्चात फरार रहेका सरदारलाइ पक्राउ गरी कानुनी कारबाही अगाडी बढाईएको छ।

# अरुकै लागि बांचनुपर्दो रहेछ

यशोदा अधिकारी

लकडाउन। जीवनमा पहिलो अनुभूति। सायद मलाई जस्तै सबैलाई नयाँ अनुभूति थियो। पहिलो संक्रमति निको भइसकेपछि दोस्रो संक्रमित भेटिएकै दिन बैठक बसेर लकडाउनको घोषणा गर्यो सरकारले। पहिलो संक्रमितको कोरोना चेकजाँच गर्न हङकङ पठाइएको अस्तिजस्तै लाग्छ। लकडाउन जारी भएको ९० दिन पुग्न लागिसकेछ।

लकडाउनको पहिलो बिहान। सबेरै उठें। गेटबाहिर निस्कें। अलि परसम्म गएँ तर कुनै पसल खोलिएको थिएन। कोही मानिस हिँडेको पनि देखिएन। आफू भने दस बजे अफिस जानुछ। मनमा अनेक कुरा खेलाउँदै बिहान बितिगो। दस बज्न १५ मिनेट बाँकी हुँदा अफिस निस्किएँ। बाटो सुनसान। चोकचोकमा प्रहरी तैनाथ। भय बोकेरै अफिस पुगें। साथीहरू आइसकेका थिए। घरमा सात महिनाको बच्चा छोडेको छु। सानो नानी छोडेर निस्कनु मेरा लागि असाध्यै जोखिम थियो। साथीहरू पनि घरिघरि 'किन अफिस आएको बच्चा छोडेर' भनिरहन्थे। सहानुभूति राखेर हो वा 'यो अफिस नआए हामी मात्रै आउन पाउँछौं' भनेर हो बारम्बार सानो बच्चा छोडेर अफिस नआउनु भनिरहन्थें। अफिस आउनु मेरो रहर थिएन तर साथीहरूले होइन काम लगाउने शाखाका प्रमुखले नआउनु भनेपछि मात्रै म अफिस नआउन सक्थें। हाकिम भने मसँग सहयोग मागें झैं तपाईको नजिकै छ बसाइ, एकछिन आएर केही रिपोर्टिङ गरेर जानु भन्नुहुन्थ्यो। मलाई उहाँको कुरा ठिकै लाग्यो।

महामारीको समयमा हाकिमले नभने पनि आफ्नो काम गर्नु कर्तव्य नै ठानें तर सहकर्मीहरूले भने अफिस पुग्नासाथ किन आउनुभो भन्न छाडेनन्। उनीहरूले प्रत्येक कुराकानीमा त्यसो भनिरहँदा म एक प्रकारको तनावमा परेँ भन्ने अनुभूति हुन थाल्यो। चौथो दिनको अफिस पुगें त्रासका साथ। अफिस क्वारेन्टाइनमा राखेर रेडियो प्रसारणलाई श्रोतासम्म पुर्याउने निर्णय भएछ। आफू सानो बच्चाको आमा। पक्कै पनि मलाई राख्दैनन् होला, राखे भने पनि आग्रह गरेर मिलाउनुपर्ला भन्ने सोचें। त्यो भन्दा बढी त सहकर्मी महिला साथीहरू बस्नुहुन्छ, अब त उहाँहरूको घरिघरि किन आको भन्ने पनि सुन्न नपर्ने भयो भनेर बढी मन हर्षित भयो। आखिर रिर्पोटिङबाट कोही पनि महिला अफिस क्वारेन्टाइनमा नराख्ने भयो अफिसले। खुसीले गद्गद् हुँदै घर फर्कें। बाटोभरी २४ घण्टै अफिस बसेर रिपोर्टिङ गर्न तयार महिला साथीहरूलाई किन राखिएन भन्ने खुल्दुली लागिरहे पनि मेरा लागि तत्कालका लागि अफिस जान नपर्ने, घरबाट सकेसम्म रिपोर्टिङ गर्ने कुरा नै त्यतिखेरको सबैभन्दा खुसीको कुरा भयो।

झण्डै एक महिना घरमै बसेर काम गरियो। समाचार लेख्ने रिपोर्ट बनाउने र सम्पादन गर्ने कामलाई घरबाटै निरन्तरता दिइयो। लगभग एक महिना घरबाट बाहिरै निस्किएन। यो अवधिमा केही महिला साथीहरूसँग सम्पर्क भने भइरहन्थ्यो। धेरै साथीहरू अब कसरी बाँच्ने भन्ने त्रासमा हुनुहुन्थ्यो। केही साथीहरू फोन गरेर सरकारी तलव आइहाल्छ, हामीलाई पनि दिनुपर्छ भनेर ठट्टा गर्थे। केहीले त सरकारको विरोध गर्ने बहानामा सरकारी तलव खाने भनेर होला मलाई पनि गाली गर्न भ्याएँ। जे भने पनि सुनिरहेपछि साथीले त राहत बाँड्न जाँदा रक्सी समेत मागे। लकडाउनले मान्छेलाई मानसिक तनाव पनि दिन थालेको अनुभूति भयो। साथीहरूको सामान्यकरणका लागि रक्सी दिएँ। सकेको जति केही पत्रकार साथीलाई राहत दिएँ। लकडाउनकै बीचमा झण्डै ३५ जना पत्रकार महिला साथीलाई खाद्यान्न, प्रेस ज्याकेट, सेनिटाइजर, सर्जिकल मास्क र केही आर्थिक सहयोग गरें।

म असाध्यै सम्पन्न भएर राहत बाँडेको थिइन। सरकारले भने अनुरुप मैले एक महिनाको घरभाडा छुट पाएको रकममा अर्को एक महिनाको तलव थपेर साथीहरूलाई राहत बाँडेकी हुँ। राहत लिएर साथीहरूको घरघरै पुग्न निकै कठिन थियो। कतिपय ठाउँमा सहयोगी मनहरूको साथका कारण सम्भव भयो। भने कतिपय ठाउँमा दस किलो चामल, दुई किलो आँटा, दुई लिटर तेल, दुई किलो दाल बोकेर एक घण्टासम्म हिँडेर पनि गएँ। भक्तपुरबाट एकजना पत्रकार बहिनीले समस्या परेको भनेर फोन गर्नुभयो। आफूसँग साधन नहुँदा त्यहाँसम्म हिँडेर जाने आँट आएन। उनको समस्याले निकै दिन पोलिरह्यो। झण्डै २० दिन पछि सञ्चारिका समूहका अध्यक्ष नितु पण्डितसँग यो कुरा शेयर गरें। नितुजीले ती बहिनीलाई सहयोग गर्नुभयो। साँच्चिकै समस्या थियो ती बहिनीलाई। धेरै दिनपछि उनले पेटभरी खान पाएको सुनाउँदा औधी खुसी लाग्यो।

यसरी नै बित्यो लकडाउनको एक महिना। त्यसपछि पुन: अफिस जानुपर्ने भयो। अफिस जाँदा उच्च सर्तकता भने अपनाइएकै जस्तो लाग्थ्यो। काम नपर्दा बाहिर पनि निस्किएन। नभइ नहुने तरकारी र केही खानेकुरा हप्ता दस दिन जतिलाई पुग्ने किनेर राखिन्थ्यो। दिनभरी आफ्नो काम गरिन्थ्यो। काममा जाँदा, राहत लिएर जाँदा मास्क लगाएर भौतिक दुरी कायम त गरिन्थ्यो। तर डर भने अति नै थियो। आफूलाई कोरोना संक्रमण भयो भने अस्पताल बस्नुपर्ने, त्यही पनि निको हुने वा नहुने केही ठेगान थिएन। मरियो भने साना छोराछोरी छन्। काठमाडौंमा आफ्ना भन्ने कोही छैनन्, कसले हेरिदिन्छ ? भन्ने चिन्ता लागिरहन्थ्यो। महिलाहरू आफ्ना लागि नभइ अरुका लागि भए पनि बाँच्नै पर्ने रहेछ। मैले पनि बाँच्नैपर्छ। नबाँचे साना बच्चाहरू अलपत्र पर्छन्। एउटी आमाले सन्तानका लागि यस्तै त सोच्छन् होला। म पनि यस्तै सोचिरहन्थें।

अफिस जान थालेपछि साथीहरू उही पुरानै प्रश्न गर्छन् र पटकपटक मलाई 'किन आएको अफिस' भनिरहन्छन्। म भने

वांकी ५ पेजमा...


## कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के-के हुन सक्छन्**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रो हुनु।

**3. यसबाट बच्न के-के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने।

रतुवामाई नगरपालिका मोरंग प्रदेश नं. १



## विराटनगर महानगरपालिको अपिल

१. नोभेल कोरोना (कोभिड-१९) संक्रमण, नियन्त्रण र रोकथामको लागि यस महानगरपालिका क्षेत्र भित्र संचालनमा रहेको सवै पसल, उदोग तथा व्यवसायीहरुले सेवा लिन आउने आगन्तुकहरुका लागि साबुन पानी वा सेनिटाईजर ले हात धुने व्यवस्था मिलाउनु पर्ने।

२. नोभेल कोरोना (कोभिड-१९) भाइरस विरुद्ध सामाजिक संघ संस्थाहरुले गरेको र गर्ने कामको बारेमा महानगरपालिकालाई जानकारी गराई नदोहोरीन र प्रगति अभिलेख एकद्धार प्रणालीको व्यवस्थपन र्कामा सहयोग गर्ने।

३. महानगरपालिका अन्तर्गत संचालन हुने साप्ताहिक हाटबजारहरु अर्को सूचना नभएसम्म का लागि स्थगित (वन्द) गर्ने।

थप जानकारीको लागि ९८४२०२३६७९, ९८५२०३२८१८, ९८४४०९९३७०





पूर्वाञ्चलको पहिलो र एक मात्र ट्रमा सेन्टर

MAX

Maximum care for life

INTERNATIONAL HOSPITAL & TRAUMA CENTER (P.) Ltd.

Mahendra Chowk, Biratnagar-11, Morang (Nepal), Ph: 021521155/56, 9852027895

# जुवा मुद्दाका फरार प्रतिवादीहरु पक्राउ



विराटनगर । अबैद्ध रुपमा जुवा तास खेलेकोा आरोपमा पक्राउ परेका प्रतिवादीहरु फरार रहेकोमा तीनीहरुलाई प्रहरीले पक्राउ गरेको छ ।

घटनाको विवरण अनुसार सम्मानित जिल्ला अदालत मोरङवाट २०७१ जेष्ठ २१ गतेको फैसलाले २ सय जरिवाना तोकी हालसम्म फरार रहेका जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. ९ घोघापुल चोक बस्ने बर्ष ६० को नविरज खाँ, बर्ष ४४ को मजमिल हुँसेन, बर्ष ६४ को रजाक भन्ने राजु खाँ र बर्ष ६४ को मुन्ना कुरेशीलाई जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले २०७७ मंसिर १५ गते विराटनगर महानगरपालिका वडा नं. ९ घोघापुलबाट पक्राउ गरिएको थियो ।

साथै सोही मुद्दामा हालसम्म फरार रहेका जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. ९ ट्राफिक चोक बस्ने बर्ष ४१ को राम बहादुर गुरूङ, बर्ष ४१ को लक्ष्मण बहादुर गुरूङ, बर्ष ३० को सुमित साह, विराटनगर महानगरपालिका वडा नं. १० शान्ति चोक बस्ने बर्ष ३२ को विजय श्रेष्ठ पक्राउ गरिएको हो ।

२०७० बैशाख १२ गतेको फैसलाले जुवा मुद्दामा २०० रूपैया जरिवाना तोकिएका विराटनगर महानगरपालिका वडा नं. ७ हस्पिटल चोक बस्ने बर्ष ३५ को हंशराज जैनलाई जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले मिति २०७७ मंसिर १६ गते जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. ९ ट्राफिक चोकबाट पक्राउ गरी आवश्यक कारवाहीको लागि सम्मानित जिल्ला अदालत मोरङमा बुझाएको छ ।

# अबैध करछलीका समान सहित एकजना मानिस पक्राउ



विराटनगर । भारतवाट अबैद्ध रुपमा करछली गरी समानहरु घरमा स्टोक गर्ने एक जना व्यापारीलाई प्रहरीले पक्राउ गरेको छ ।

मंसिर २० गते जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. ११ रामपुर बस्ने बर्ष २६ को जितेन्द्र भगतले संचालन गरेको किराना पसलको पछाडीको कोठामा तथा विराटनगर महानगरपालिका वडा नं.६ स्थित संजित साहको घरमा कोठा भाडामा लिई अवैध रूपमा कर छलि गरी स्टोक गरी राखेको समान सहित पक्राउ गरेको हो ।

बरामद भएको सामग्रीहरुमा चिनी ४० बोरा (प्रति बोरा ५० केजी), वलवान खैनी ३६ पोका (प्रति पोका १२ पिस) म्यागो चकलेट १ प्याकेट, कोला केण्डी १ बट्टा, मिल्क चकलेट ३ बट्टा, मछर धुप ५ बण्डल रहेको छ ।

अन्दाजी १ लाख २४ हजार मुल्य बराबरको सामान सहित जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले बिशेष सूचनाको आधारमा निज जितेन्द्र भगत र सामान समेत नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागि मूल भन्सार कार्यालय रानी, विराटनगरमा बुझाएको छ ।

# सुर्ती बनाउन प्रयोग हुने कच्चा पदार्थ सहित मानिस पक्राउ

विराटनगर । खैनी (सुर्ती) बनाउन प्रयोग हुने कच्चा पदार्थ, मेशिन सहित दुई जना मानिसलाई प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला मोरङ सुन्दरहरैचा नगरपालिका वडा नं. १० त्रिवेणी चोक स्थितमा रहेको मुक्तीराज ढकालको घर भाडामा लिई जिल्ला सुनसरी धरान उपमहानगरपालिका वडा नं. १३ बस्ने मुकेश कुमार अग्रवाल र जिल्ला भोजपुर पौवादुम्बा गाउँपालिका वडा नं. ६ बस्ने बर्ष ३४ को सुरेश तामाङलाई पक्राउ गरेको हो ।

राजश्व कर छलि गरी गेल्डेन टेम्पल नामको खैनी (सुर्ती) उद्योग संचालन गरेको भनि जिल्ला सुनसरी धरान उपमहानगरपालिका वडा नं. १६ बस्ने मान बहादुर तामाङले आवश्यक कारवाही गरी पाउँ भनि २०७७ मंसिर १७ गते दिएको सुचनाको आधारमा मुकेश कुमार अग्रवाल र सुरेश तमाङ समेतलाई मंसिर १८ सुन्दरहरैचा नगरपालिका वडा नं. १० त्रिवेणी चोकमा संचालन गरेको घर कोठामा छापा मारी समान सहित मानिसलाई पक्राउ गरिएको थियो ।

सुर्ती उद्योगवाट १९ बोरा सुर्ती, स्ट्याम्प छाप दानी १, लेटर प्याङ थान १, फोन डायरी थान १, राजश्व कार्यालयका कागज पत्र, सुर्ती रेडिमेट बनाउन प्रयोग हुने बिभिन्न कच्चा पदार्थ, केमिकलहरू, सुर्ती खैनी प्याकिङ गर्ने मेशिन थान १, चुना २ बोरा, रेडिमेट खैनी १२ बोरा बरामद भएको थियो ।

मुकेश कुमार अग्रवाललाई श्रावन ६ गते जिल्ला मोरङ सुन्दर हरैचा नगरपालिका वडा नं. १० त्रिवेणी चोक निजले संचालन गरको सुर्ती उद्योगमा बर्ष १७ की परिवर्तित नाम बेलाबारी २३ लाई जवरजस्ती करणी मुद्दामा ईलाका प्रहरी कर्यालय बेलबारीमा म्याद थप भई अनुसन्धान भई रहेको छ भने निज सुरेश तामाङलाई निजहरूले राजश्व छलि गरेको सामान सहित आवश्यक कारवाहीको लागि आन्तरिक राजश्व कार्यालय विराटनगरमा बुझाएको प्रहरीले जनाएको छ ।

## सूचना सूचना सूचना

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो । यसरी रुखहरु काटिएको पाईएमा नियम कानून बमोजिम कार वाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।

**सडक डिभिजन विराटनगर, प्रदेश नं. १**

## अरुकै...

हाकिमले बोलाएपछि आउनै पर्यो भनेर कहिले त रिसाइदिन्थेँ पनि ।

कोरोना भाइरसले पत्रकारलाई पनि छोडेन । स्वास्थ्यकर्मी, सुरक्षाकर्मीजस्तै सञ्चारकर्मी पनि अग्रमोर्चामै काम गर्नुपर्ने । विरगंजमा पत्रकारलाई कोरोना संक्रमण भएको समाचार आएपछि अफिस गएका पत्रकारका छोराछोरीले आमाबुबाले नै कोरोना चेक नगरिकन घरभित्र पस्न दिएनन् भनेर फोन आयो । पत्रकार महिलाहरूको हकहितमा लामो समय क्रियाशील संस्था सञ्चारिका समूहको सचिव भएको हिसाबले पनि मलाई फोन गरेको हुनुपर्छ साथीहरूले । समस्या पर्ने साथीहरू समस्या साँट्थे । आखिर गर्न सक्ने पनि केही थिएन । मध्यस्थकर्ताको रुपमा केही साथीहरूलाई सहयोग गरेँ, कतिलाई केही गर्न सकिएन । महामारीको समयमा दुःखमा परेका, समस्या भोगेका साथीहरूलाई सकेजती सहयोग गर्न नसकेकोमा दुःख लागेको छ ।

फोटो खिच्ने, दृश्य खिच्ने साथीहरूले कोरोना चेक गर्ने व्यवस्था मिलाउनुपर्यो भनेर आग्रह गरिरहेका थिए । स्वास्थ्य मन्त्रालयको समन्वयमा नेपाल पत्रकार महासंघले त्यो व्यवस्था मिलायो । अग्रमोर्चामा काम गर्ने पत्रकार महिलाहरू पनि पीसीआर चेक गर्न सहभागी भए । आफूले पनि चेक गर्न पाएँ । सबैको रिपोर्ट नेगेटिभ आयो । कोरोना विशेष अस्पताल, प्रधानमन्त्री निवास, विभिन्न मन्त्रालय, संसदीय समितिहरूसम्म रिपोर्टिङमा हिँडेको थिएँ । जब रिपोर्ट नेगेटिभ आयो, एक प्रकारको शान्ति मिल्यो । मास्क लगाएर दुरी कायम गरेपछि संक्रमण हुने सम्भावना न्यून हुन्छ भन्ने लाग्न थाल्यो । दुःखको कुरा लकडाउन हेर्न घुम्न निस्केका साथीहरूले पहुँचको आधारमा पीसीआर चेक गराउनुभयो तर केही फिल्डमा काम गर्ने साथीहरू अझै छुट्नुभएको छ । उनीहरूको चेकका लागि पनि पहल भने गरिनै रहेको छु तर सरकारले क्वारेन्टाइनमा बस्नेलाई प्राथमिकता दिएको छ ।

सरकारले लकडाउन खुकुलो बनाउने निर्णय गरिसकेको छ । दुईजना संक्रमित भेटिँदा कडाइका साथ सुरु भएको लकडाउन ६ हजार संक्रमित पुग्दा खुकुलो भयो । १९ जनाको त दुःखद् निधन पनि भइसकेको छ । यस अवधीमा केही पत्रकार साथीहरू समेत संक्रमित भएर निको हुनुभयो भने केही पत्रकार महिला साथी संक्रमण भएर उपचार गराइरहनुभएको छ । उनीहरूले पनि कोरोना जित्ने छन् भन्नेमा विश्वास जागेको छ । पहिला भन्दा मान्छेहरू सचेत भएका छन् र कोरोना भाइरसको संक्रमणबाट मात्रै मृत्यु भइहाल्दैन भन्ने आत्मविश्वासले पनि काम गर्न थालेको छ ।

कोरोना भाइरसको संक्रमणले नैतिकता र अनुशासनको पाठ सिकाएको छ । भौतिक दुरी कायम राख्दै जनजीवन सामान्य बन्दै गए पनि धेरै पत्रकार महिला साथीहरू कामबाट निकालिएका छन् । काम गरिरहेकाले पनि तलव पाइरहेका छैनन् । पेशागत सुरक्षाका लागि विगतजस्तै अब पनि हामीले नलडी सुखै छैन । लडाइँ निरन्तर लड्नै पर्नेछ । महिला खबरबाट

## विराटनगर महानगरपालिकाको सूचना

- ❒ मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- ❒ उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- ❒ छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- ❒ आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- ❒ छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- ❒ सडक तथा पेटीकीनारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- ❒ बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- ❒ सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- ❒ बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- ❒ बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- ❒ बालश्रम शोषण समाजिक अपराध हो ।
- ❒ विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- ❒ सार्वजनिक स्थलमा जतातत्तै फोहोरमैला नफालौं ।

**मोटर साइकल चलाउढा हेलमेट अनिवार्य प्रयोग गरौं ।**

## कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन् ?**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

**केराबारी गाउँपालिका मोरंग प्रदेश नं. १**

## कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन् ?**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

**सुनबर्सी नगरपालिका मोरंग प्रदेश नं. १**